## ९. प्रदेशस्तर उत्कृष्ट कृषक घोषणा एवं पुरस्कार वितरणः

क) प्राविधिक उप-समितिको प्रतिवेदनको आधारमा प्रादेशिक समितिले २ जना कृषकहरु (१ जना महिला र १ जना पुरुष) उत्कृष्ट कृषक सिफारिससहित केन्द्रीय समितिमा पेश गर्नुपर्नेछ ।

ख) प्रादेशिक समितिको सिफारिस अनुसार मन्त्रालयले उत्कृष्ट कृषकहरुलाई सम्माननीय राष्ट्रपतिज्यूबाट उपयुक्त समयमा पुरस्कार एवं सम्मान गर्ने कार्यक्रम आयोजना गरिनेछ ।

ग) पुरस्कारको राशि कृषि मन्त्रालयको चालु आ.व.मा विनियोजित बजेट तथा स्वीकृत कार्यक्रम बमोजिम हुनेछ । उत्कृष्ट कृषकलाई नगद र प्रमाण-पत्र सहित सम्मान गरिनेछ ।

घ) प्रदेशस्तरबाट छनौट भएका उत्कृष्ट कृषकहरुलाई (१ महिला र १ पुरुष) राष्ट्रपति उत्कृष्ट कृषक पुरस्कार एवं सम्मानको लागि प्रादेशिक समितिले सिफारिस साथ केन्द्रीय समितिको सचिवालयमा **जेठमसान्तभित्र** पठाउनु पर्नेछ ।

१०. **केन्द्रीय समिति गठनः** प्रदेश मन्त्रालयबाट राष्ट्रपति उत्कृष्ट कृषक पुरस्कार एवं सम्मानको लागि सिफारिससाथ प्राप्त निवेदन फारम स्वीकृत गर्न र पुनरावलोकनको लागि मन्त्रालयमा तपशिल अनुसारको केन्द्रीय समिति गठन हुनेछ ।

| | | |
|---|---|---|
| संयोजक | सचिव, | मन्त्रालय (कृषि विकास/ पशुपन्छी विकास) |
| सदस्य | सह सचिव, | योजना तथा विकास सहायता समन्वय महाशाखा, मन्त्रालय |
| सदस्य | सह-सचिव, | पशुपन्छी तथा मस्य विकास महाशाखा, मन्त्रालय |
| सदस्य | सह-सचिव, | प्रशासन महाशाखा, मन्त्रालय |
| सदस्य | सह-सचिव, | कृषि तथा पशुपन्छी ब्यवसाय प्रबर्द्धन महाशाखा, मन्त्रालय |
| सदस्य | महानिर्देशक, | कृषि विभाग |
| सदस्य | महानिर्देशक, | पशु सेवा विभाग |
| सदस्य-सचिव | शाखा प्रमुख, | कृषि ब्यवसाय तथा बजार प्रबर्द्धन शाखा, मन्त्रालय |

क) केन्द्रीय समितिमा प्रदेशबाट सिफारिससाथ प्राप्त निवेदन पेश गर्ने दायित्व कृषि तथा पशुपन्छी ब्यवसाय प्रबर्द्धन महाशाखा, कृषि तथा पशुपन्छी विकास मन्त्रालयको हुनेछ ।

ख) केन्द्रीय समितिले आवश्यक परेको खण्डमा प्रदेशस्तरीय समितिबाट आवश्यक कागजात र कृषकहरुको विवरण माग गर्न सक्नेछ ।

सचिव

नेपाल सरकार
कृषि तथा पशुपन्छी विकास मन्त्रालय
सिंहदरबार, काठमाडौं

## अनुसूची-२

### राष्ट्रपति उत्कृष्ट कृषक पुरस्कार कार्यक्रममा भाग लिने कृषकले पेश गर्नुपर्ने निवेदनको ढाँचा

मितिः

श्री......................,

.......................................

विषयः राष्ट्रपति उत्कृष्ट कृषक पुरस्कार कार्यक्रममा सहभागी गराई पाऊँ ।

मिति........................... को सार्वजनिक सूचना अनुसारको राष्ट्रपति उत्कृष्ट कृषक पुरस्कार प्रतियोगितामा मलाई सहभागी हुन इच्छा भएकोले मेरो विवरण सहितको निवेदन फाराम दर्ता गरी दिनुहुन अनुरोध गर्दछु । यसमा मैले पेश गरेको संलग्न बिवरण ठीक छ, झुट्ठा ठहरिए कानुन बमोजिम सहुँला-बुझाउँला ।

निवेदक

नामः

दस्तखतः

ठेगानाः

मोवाईल नं.

संलग्न गर्नुपर्ने कागजातहरुः-

१. नेपाली नागरिकता प्रमाण-पत्रको फोटोकपि

२. किसान परिचय पत्र भएमा सोको फोटोकपि

३. जग्गाको लालपूर्जा वा करार सम्झौताको फोटोकपि

४. फर्म/कम्पनी व्यवसाय दर्ताको फोटोकपि

५. कर चुक्ता प्रमाण-पत्र फोटोकपि

६. स्थायी लेखा (पान) नं. प्रमाण-पत्र फोटोकपि

७. सम्बन्धित स्थानीय तहको सिफारिस

८. सूचनामा माग भए बमोजिमका अन्य कागजातहरु

सचिव

नेपाल सरकार
कृषि तथा पशुपन्छी विकास मन्त्रालय
सिंहदरबार, काठमाण्डौं

